मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १४७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ बैशाख ३ गते शुक्रवार (Friday, April 16. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

"आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# नौ महिनामा ५१० दुर्घटना, ७४ जनाको मृत्यु



**बिर्तामोड, वैशाख २।** पछिल्लो नौ महिनामा झापामा पाँच सय १० वटा दुर्घटना भएका छन् । दुर्घटनामा परी ७४ जनाले ज्यान गुमाएका छन् ।

पुस र माघ महिनामा सबैभन्दा बढी दुर्घटनामा भएका छन् भने दुर्घटनामा ज्यान गुमाउनेको संख्या पनि पुस र माघमा बढी छ । पुस महिनामा मात्र जिल्लाका विभिन्न स्थानमा एक सय एकवटा सवारी दुर्घटना भएका छन् भने १७ जनाले ज्यान गुमाएका छन् । त्यस्तै माघ महिनामा भएका ९२ वटा दुर्घटनामा परी १६ जनाले ज्यान गुमाएका छन् । बाक्लो हुस्सुका कारण पुस र माघमा अधिक दुर्घटना भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक प्रकाश जबेगूले बताए ।

प्रहरीको तथ्याङ्क अनुसार दुर्घटनामा परी मृत्यु हुने मध्ये सबैभन्दा धेरै पुरुष छन् । तथ्याङ्क अनुसार पछिल्लो नौ महिनामा ६० जना पुरुषले दुर्घटनामा ज्यान गुमाएका छन् भने नौ महिला र पाँच बालकले ज्यान गुमाए । जिल्लाको विभिन्न स्थानमा साउनमा भएका २४ वटा दुर्घटनामा तीन पुरुष, भदौमा २३ वटा दुर्घटना, असोजमा १५ दुर्घटनामा एक महिला, एक पुरुष, कात्तिकमा ३३ वटा दुर्घटनामा पाँच पुरुष, मंसीरमा ४७ वटा दुर्घटनामा नौ पुरुष र दुई बालकसहित ११ जनाले ज्यान गुमाए । त्यस्तै पुसमा १२ पुरुषसहित तीन महिला र दुई बालकले एक सय एउटा दुर्घटनामा परी ज्यान गुमाए । माघमा भएका ९२

*(बाँकी अन्तिम पृष्ठमा)*

## एम्बुलेन्स अनियन्त्रित हुँदा चालकको मृत्यु

**झापा, बैशाख-२ ।** झापा शिवसताक्षी नगरपालिका -११ दूधेस्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गमा एम्बुलेन्स अनियन्त्रित भई दुर्घटना हुँदा चालकको मृत्यु भएको छ भने एम्बुलेन्समा सवारी अर्का एक जना गम्भीर घाइते भएका छन् ।

पश्चिम तर्फ जाँदै गरेको बा२१च ७९८४ नम्बरको

*(बाँकी अन्तिम पृष्ठमा)*

भव्य शुभारम्भ

नव बर्ष २०७८ सालको हार्दिक शुभकामना

हार्दिक निमन्त्रणा

यही मिति २०७८ साल बैशाख ४ गते शनिवारका दिन हाम्रो

एलिसा सर्टिङ सुटिङ एण्ड टेलरिङ सेन्टर

को शुभारम्भ गरिने भएको हुँदा उक्त कार्यक्रममा उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

मिति: २०७८ बैशाख ४ गते शनिवार
समय: विहान १० बजेदेखि
स्थान: विशाल बजार, बिर्तामोड नपा-५, झापा

ग्राहकको सन्तुष्टि नै हाम्रो चाहना हो
कृपया एकपटक सेवा गर्ने मौका दिनुहोस् ।

विनित
प्रो. काजी ठटाल/अम्बिका ठटाल

सुश्रुत आयुर्वेदमा विशेष डाक्टर आउने बारेको सूचना

डा. जितेन्द्र मण्डल
MS (AY) IMS, BHU, Selsi (India)
Consultant Surgeon of proctologist, Specialist No. 5

यही **मिति २०७८ साल बैशाख ३ र ४ गते** पाइल्स फिस्टुला रोग विशेषज्ञ डाक्टर राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्र किर्तीपुर (काठमाडौं) बाट आउँदैहुनुहुन्छ । दिसा गर्दा दुख्ने, पोल्ने, मासु पलाएको, पिलो जस्तो घाउ आएको, रगत बग्ने र मलद्वार चिलाउने जस्ता विरामीले यथाशीध्र तलको ठेगानामा सम्पर्क राख्नुहोला ।
नोट: फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

सम्पर्क: सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै, बिर्तामोड, झापा
फोन नं. ०२३-५४१३११, ९८५२६८८९८६

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)**

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

(पानीटंकीको रेटमा बिर्तामोडमै मोबाइल सेट)
मोबाइल ! मोबाइल !! मोबाइल !!!

**हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट** SAMSUNG oppo, vivo, Redmi, MI, Lava, Nokia, One plus, Real me **इत्यादि**
साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ ।

**मेची मोबाइल एण्ड एसेसरीज**, पुरानो भद्रपुररोड, बिर्तामोड
**सम्पर्क फोन:- ०२३-५४२४३१, ९८०४९३५३५१**

भारतको प्रख्यात सर गंगाराम हस्पिटलमा
अध्ययन गर्नुभएका हाल नर्भिक हस्पिटल काठमाडौंबाट

डा. अभिलाषा शाह

MBBS, MD (Internal Medicine)
Fellowship in REHEUMATOLOGY (Gripmer)
वरिष्ठ वाथ तथा इम्युनिटी सिस्टम रोग विशेषज्ञ ।
यसपटक बैशाख ४ गते शनिबार आउँदै हुनुहुन्छ ।

सम्पर्क: कन्काई हस्पिटल प्रा.लि.
बिर्तामोड, झापा (फोन नं. ०२३-५४३८०७)

"Shine with Life, Learn with Love, Grow with God"

हार्दिक बधाई तथा शुभकामना



बिर्तामोड नगरपालिका वडा नं. ५ खेलकुद विकास समिति झापाद्वारा मिति २०७७।१२।२८ गते आयोजित 'प्रथम वडा नं. ५ कराते च्याम्पियनसिप-२०२१' प्रतियोगितामा यस विद्यालयबाट सहभागी भई ३० केजी कुमुते फाइटतर्फ द्वितीय स्थान, साथै कुमुते कातातर्फ तृतीय स्थान हासिल गर्नु हुने कक्षा ६की छात्रा नुमा लिम्बू, ४० केजी कुमुते फाइटतर्फ तृतीय स्थान हासिल गर्नुहुने कक्षा ७का छात्र सक्षम लिम्बू तथा ४० केजी कुमुते फाइटतर्फ तृतीय स्थान हासिल गर्नु हुने कक्षा-६का छात्र अभय राजवंशीलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं । साथै यस विद्यालयका कराते प्रशिक्षक सर सुरज धिमालप्रति विद्यालय परिवार आभार प्रकट गर्दछ ।

चिल्ड्रेन इन्भारोमेन्ट स्कुल
बिर्तामोड-१, झापा

हार्दिक बधाई



यस सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. का कार्यकारी प्रमुख, राष्ट्रिय सहकारी बैकका सञ्चालक सदस्य, जिल्ला सहकारी संघ लि. झापाका बरिष्ठ उपाध्यक्ष, सहारा नेपाल गैह सहकारी संस्थाका सचिव, स्वावलम्बन विकास केन्द्र (काठमाण्डौ) का उपाध्यक्ष तथा सामाजिक अभियन्ता **श्री महेन्द्रकुमार गिरी** ज्यूलाई सहकारी क्षेत्रको प्रवर्द्धन र विकास साथै सामाजिक क्षेत्रमा विशेष योगदान पुऱ्याए वापत सम्माननीय राष्ट्रपति ज्यूबाट **जनसेवा श्री पञ्चम श्रेणी**द्वारा विभूषित हुनु भएकोमा सगौरव हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै आगामी दिनमा अझ उत्साहका साथ सामाजिक कार्यमा लागीरहने प्रेरणा प्राप्त हुने विश्वास प्रकट गर्दै शुभकामना व्यक्त गर्दछौं ।

**लक्ष्मण खतिवडा**
उपनिर्देशक
एवम् सम्पूर्ण कर्मचारी परिवार

**हरिप्रसाद निरौला**
कार्यवाहक अध्यक्ष एवम् सम्पूर्ण
शेयर सदस्य तथा सञ्चालक समिति परिवार

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.
प्रधान कार्यालय, बिर्तामोड-२, झापा

# कनकाई सामुदायिक वन कार्यालयमा तालाबन्दी




**झापा, वैशाख २।** कनकाई सामुदायिक वन उपभोक्ता समूहको निर्वाचनको मतगणनामा त्रुटी भएको आरोप लगाउँदै पुनःमतगणना गर्नु पर्ने संयुक्त लोकतान्त्रिक प्यानलसहित मोर्चाका चार दलले माग गरेका छन् ।

मतगणनामा धाँदली भएको भन्दै लोकतान्त्रिक प्यानलका पदाधिकारीले विहीवार सामुदायिक वनको कार्यालयमा तालावन्दीसमेत गरेका छन् । चैत्र ३० गते भएको समूहको निर्वाचनको मतगणनामा एकसयदेखि ६ सय मत गणना हुँदा त्रुटी भएको भन्दाभन्दै निर्वाचन समितिका संयोजकले हतार गरेर मत परिणाम घोषणा गरेकोप्रति प्यानलले आपत्ति जनाउँदै आएको थियो ।

मोर्चामा रेहका नेपाली कांग्रेस, नेकपा माओवादी, जनता समाजवादी र राप्रपासहितका प्यानलको उम्मेदवारले सुरुङ्गामा पत्रकार सम्मेलन गर्दै पुन : मत गणना गर्न माग गरेका हुन् । ३० गते राति भएको मतगणनामा निर्वाचन आयोगका संयोजक टीकाकुमार पोखरलेले एक सय मतपत्रको गनेको पोकोलाई पुनः गनेको र एउटा पोको भने गन्दै नगनेको पराजित अध्यक्षका उम्मेद्वार सन्तोष रायमाझीले आरोप लगाएका छन् । जसजसलाई चित्त बुझ्दैन कानूनी प्रक्रियामा जानु भनेकोले आफूहरु बाध्य भएर प्रजिअ कार्यालय, डिभिजन वन कार्यालयमा पुनः मतगणनाको माग लिएर गएको नेपाली कांग्रेस कनकाई नगर सभापति नेत्रप्रसाद चिमरियाले बताए ।

पुनः मतगणना नगरिए आफूहरु आन्दोलनमा उत्रने माओवादी केन्द्रका नगर सचिव विष्णुप्रसाद बिमलीले चेतावनी समेत दिएका छन् । पत्रकार सम्मेलनमा संयुक्त प्यानलका सचिवका उम्मेद्वार मान्ता खरेल, सहसचिवका उम्मेदवार केशव संग्रौला, कोषाध्यक्षका उम्मेद्वार गोपीलाल पाण्डे, चुनाव प्रचारप्रसार समितिका संयोजक युवराज संग्रौला, राप्रपा नगर अध्यक्ष ज्योतिकुमार उप्रेती, जनता समाज पार्टीका प्रतिनिधि भरतकुमार श्रेष्ठ, नेपाली कांग्रेसका नगर सचिव दुर्गा प्रसाईलगायतले आ-आफ्नो धारणा राखेका थिए ।

उनीहरुले राजनीतिक दल, प्रशासन, स्थानीय तहको रोवहरमा पुनःमतगणना गर्न सुझाव दिँदै जस्तो परिणाम आएपनि स्वीकार गर्न तयार रहेको बताएका छन् । निर्वाचनमा अध्यक्षमा ख्याम ओलीले अर्का उम्मेदवार सन्तोष रायमाझीलाई १७ मतको अन्तरले पराजित गरेका थिए ।

## १४ जिल्लाका विद्यार्थीलाई विद्यालय नजान अपिल

**झापा, वैशाख २ ।** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले काठमाडौं उपत्यकासहित १४ जिल्लाका विद्यार्थीलाई विद्यालय नजान अपिल गरेको छ । हालसम्म सेवा बन्द गर्ने विषयमा सरकारले औपचारिक निर्णय नगरेको भए पनि स्वास्थ्य मन्त्रालयले संक्रमणको जोखिम बढेकाले विद्यार्थीलाई विद्यालय नजान सचेत गराएको हो ।

मन्त्रालयको स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई तथा आपत्कालीन सञ्चालन केन्द्रले बिहीबार विज्ञप्ति जारी गर्दै अति प्रभावित १४ जिल्लामा बढी भीडभाड हुने सबै क्षेत्र तथा सेवाहरु अविलम्ब बन्द गर्नु पर्नेतर्फ सचेत गराएको हो ।

ती जिल्लाहरूमा विद्यालय, रात्री व्यवसाय, ७ बजेपछि सबै रेष्टुरेन्ट तथा क्लबहरु, खेलकुद, जीम, पूजाआजा तथा जात्राहरू, सभा सम्मेलन नगर्न तथा भेलाहरू, सिनेमा हल, सपिङ मल, नाचघर, पार्टी प्यालेस, हेल्थ क्लब, स्विमिङ पुलहरूमा सहभागी नहुन अपिल गरेको हो ।

उपत्यकाका काठमाडौं, भक्तपुर र ललितपुर तथा कास्की, रुपन्देही, चितवन, बाँके, पर्सा, कैलाली, मोरङ, दाङ, सुर्खेत, बारा र बाग्लुङ जिल्लाको हकमा यस्तो अपिल जारी गरिएको हो ।

यस्तै मन्त्रालयले सरकारी अस्पतालहरूलाई कम्तिमा ५० प्रतिशत शय्या कोभिड-१९ का लागि छुट्याउन र निःशुल्क उपचार सेवा प्रवाह गर्न पनि निर्देशन दिएको छ । सबै अस्पतालहरूलाई फिवर क्लिनिक अनिवार्य सञ्चालन गर्न अनुरोध समेत गरिएको छ ।

बालबालिका, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू तथा जेष्ठ नागरिकहरूको कोभिड-१९ परीक्षण तथा उपचारलाई प्राथमिकता दिन पनि मन्त्रालयले आग्रह गरेको छ ।

## लागूऔषधसहित तीन जना पक्राउ

**मोरङ, बैशाख २।** मोरङ कानेपोखरी-७ बाट प्रतिबन्धित लागूऔषधसहित तीन जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा रंगेली-६ का १९ बर्षीय अभिशेखकुमार मण्डल, सुन्दरहरैचा-७ का १९ बर्षीय सुवास तामाङ र उर्लाबारी-६ का २८ बर्षीय अनमोल घिमिरे रहेका छन् । बुधवार दिउँसो को २ ह ३३९६ नम्बरको अटोमा आइरहेका तीनै जनालाई नियन्त्रणमा लिई चेकजाँच गर्दा उनीहरुले अटोको सिटमुनि लुकाई राखेको ५८८ चक्की नाईट्राभेट लागूऔषध फेला पारी बरामद गरिएको इलाका प्रहरी कार्यालय पथरीले जनाएको छ । पक्राउ परेका मध्ये मण्डल अटो चालक रहेका र उनको समेत संलग्नता रहेको खुल्न आएको छ । पक्राउ परेकाहरुको बारेमा अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

त्यस्तै प्रहरीले मोरङ बिराटनगर -१६ हुलासचौक बाट एकजनालाई लागूऔषध सहित पक्राउ गरेको छ । लागूऔषध ब्युरो बिराटनगरबाट खटिएको टोलीले चेकजाँचको क्रममा सुनसरी खनार -१० का १९ बर्षीय अर्जुन चौधरीलाई लागूऔषध नाईट्राभेट २२ चक्कीसहित पक्राउ गरेको इलाका प्रहरी कार्यालय रानीले जानकारी दिएको छ ।

## युनाइटेड बिर्तामोड बिजयी

**बिर्तामोड, बैशाख २।** आयोजक बुट्टाबारी युनाइटेड क्लबलाई हराउँदै पाहुना टोली बिर्तामोड युनाइटेड क्लबले झापाको बुट्टाबारीमा जारी जिल्लास्तरीय नकआउट फुटबल प्रतियोगिताको उपाधि उचालेको छ ।

बिहीबार बुट्टाबारीमा सम्पन्न फाइनल खेलमा बिर्तामोडले बुट्टबारीबिरुद्ध ४-२ को जित निकाल्दै उपाधि आफ्नो पोल्टामा पारेको हो ।

पहिलो हाफ १-१ को बराबरीमा सकिए पनि दोस्रो हाफमा बिर्तामोडले थप दुई गोल गर्दै जित निश्चित गरेको थियो । खेलको १९ औं मिनेटमा बिर्तामोडमा सूर्य टुडूले गोल गर्दै अग्रता दिलाए पनि ३१ औं मिनेटमा बुट्टाबारीका बबिन बोहोराले गोल फर्काउँदै खेल बराबरीमा ल्याएका थिए ।

खेलको ४८ औं मिनेटमा बिर्तामोडका आशिष चापागाईंले गोल गर्दै नतिजा २-१ मा पुर्‍याए । बुट्टाबारीले खेलमा फर्कने कोशिस गरे पनि उपाधि रक्षा गर्न भने सकेन । ५४ औं मिनेटमा बिर्तामोडका प्रशान्त लक्समले आफ्नो टिमका लागि तेस्रो गोल गरे । बुट्टाबारीका बबिनले ७४ औं मिनेटमा टिमका लागि तथा व्यक्तिगत दोस्रो गोल गर्दै खेलमा फर्कने प्रयास गरेका थिए । तर, त्यसको ४ मिनेटपछि बिर्तामोडका विक्रम तामाङले गोल गर्दै नतिजा ४-२ बनाएका थिए ।

उपाधिसँगै बिर्तामोडले नगद ५५ हजार, मेडल र ट्रफी पाएको छ । उपविजेतामा सीमित आयोजक बुट्टाबारीले नगद ३३ हजार, मेडल र ट्रफी प्राप्त गरेको छ ।

प्रतियोगिताको बेस्ट गोल किपर बिर्तामोडका अभिषेक रिजाल, बेस्ड डिफेन्स बिर्तामोडकै विशाल बस्नेत, बेस्ड मिल्ड फिल्ड प्रशान्त लक्सम, उत्कृष्ट फर्वाड बुट्टाबारीका बबिन बोहोरा भए । प्रतियोगिताका राइजिङ खेलाडी बुट्टाबारीका विजय राई घोषित हुँदा प्रतियोगिताकै उत्कृष्ट खेलाडी बुट्टाबारीकै विप्लव मैनाली भए ।

बिर्तामोडले नगरपालिका वडा नम्बर -६ र हरियाली सामुदायिक वन उपभोक्ता समूहको सहयोग तथा बुट्टाबारी युनाइटेड क्लबको आयोजनामा भएको प्रतियोगितामा जिल्लाका आठवटा टिमले भाग लिएको अध्यक्ष हिमाल कन्दङ्वाले बताए ।

## कोरोना संक्रमणबाट पत्रकार मिश्रको निधन



**झापा, वैशाख २।** कोरोना संक्रमणका कारण झापाका पत्रकारको निधन भएको छ । झापाका पुराना पत्रकार तथा मानव अधिकार र धार्मिक अभियानमा संलग्न कमल मिश्रको कोरोना संक्रमणबाट मृत्यु भएको पारिवारिक स्रोतले जानकारी दिएको छ ।

विभिन्न रोगले ग्रसीत मिश्र केही दिनदेखि कोभिड अस्पताल टेकु काठमाण्डौमा भर्ना भएर उपचाररत थिए । उपचारकै क्रममा बुधवार राति उनको निधन भएको मिश्रका भाञ्जा तथा झापाली पत्रकार तीर्थ सिग्देलले जानकारी दिए । पत्रकार महासंघ झापा शाखाका साधारण सदस्य समेत रहेका बिर्तामोडका पत्रकार मिश्र केही समयदेखि परिवारसहित काठमाडौंमा बस्दै आएका थिए ।

## नयाँ वर्षको अवसरमा फलफूल वितरण

**झापा, वैशाख २।** झापा बिर्तामोड-७ हर्चनाकी बर्षा सिटौलाले नयाँ बर्षको अवसरमा पूर्णटुङ्ग बिर्ता सिटी हस्पिटलमा उपचाररत् विरामी तथा कर्मचारीलाई फलफूल वितरण गरेकी छिन् ।

अस्ट्रेलियामा बस्दै आएकी बर्षाका बुवा तथा सामाजिक व्यक्तित्व श्रीप्रसाद सिटौलाले विहीवार छोरीको आग्रहमा फलफूल वितरण गरेका हुन् । सिटौलाले विरामी र कर्मचारीसहित १ सय ५० जनालाई फलफूल वितरण गरेका थिए ।

त्यसैगरी सिटौलाले इलाम-३ का रुखबाट लडेर घाइते भई बिर्तामोडको बिएण्डसी हस्पिटलमा उपचारत दीपक मुखियालाई काठमाडौसम्म लाने एम्वुलेन्स खर्च प्रदान गरेका छन् । मुखियाको रुखबाट लडेर कम्मरदेखि मुनिको भाग नचल्ने भएको छ । उनले बिर्तामोड उद्योग बाणिज्य संघको आग्रहमा मुखियालाई काठमाडौसम्म लाने एम्बुलेन्स भाडा वापत २२ हजार रुपैयाँ उपलब्ध गराएको संघका वरिष्ठ उपाध्यक्ष राजु न्यौपानेले बताए ।

## पूर्वी नाका सिल

**झापा, वैशाख १।** भारतको पश्चिम बङ्गालमा हुने निर्वाचनका लागि पूर्वी नाका आज बिहान ६ बजेदेखि ७२ घण्टा लागि सिल गरिएको छ ।

पश्चिम बङ्गालमा वैशाख ४ गते हुने राज्यसभाको निर्वाचनलाई दृष्टिगत गरी काँकरभिट्टा र भद्रपुर नाका सिल गरिएको हो । प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले वैशाख ४ गते बेलुका ६ बजेसम्मका लागि सीमा नाका सिल गरिएको जानकारी दिए । उनका अनुसार सो समयमा यातायात तथा मानिसलाई आवतजावत गर्न पूर्णरुपले रोक लगाइएको छ ।

## डुबेर दुई जनाको मृत्यु

**सुनसरी, बैशाख २ ।** सुनसरी इटहरी- १४ नर्भासा नहरमा पौडी खेल्ने गएका दुई बालकको डुबेर मृत्यु भएको छ ।

मृत्यु हुनेमा इटहरी-७ का १४ बर्षीय आयुष भुर्तेल र सोही स्थानका १७ बर्षीय सायल चौधरी रहेका छन् । बुधवार बेलुका ६ बजे नहरमा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका उनीहरुलाई स्थानीय र प्रहरीले फेला पारी उपचारका लागि घोपा धरान लगिएकोमा उपचारको क्रममा भुर्तेलको राति ११ बजे र चौधरीको सवा ११ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### एम्बुलेन्स...

एम्बुलेन्स आँफै अनियन्त्रित भई दुर्घटना हुँदा एम्बुलेन्स चालक ललितपुर गोदावरी नगरपालिका -७ का २० बर्षीय उत्सब घिमिरे र सोही एम्बुलेन्समा सवार सोही स्थान बस्ने २० बर्षीय सन्तोष तामाङ गम्भीर घाइते भई उपचारको लागि वीएण्डसी अस्पताल बिर्तामोड लैजाँदै गर्दा चालकको बाटैमा मृत्यु भएको थियो । अर्का घाइते तामाङको सोही अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

**खसेर मृत्यु**

उता पाँचथर फाल्गुनन्द गाउँपालिका -४ का २८ बर्षीय रोशन चेम्जोङको ट्याक्टरबाट खसेर मृत्यु भएको छ ।

बुधबार बेलुका साढे ६ बजे सुकेधामवाट च्याङथापूतर्फ जाँदै गरेको प्रदेश १-०१-००१त८९६७ नम्बरको ट्याक्टरबाट खसेर घाइते भएका सह-चालक चेम्जोङको जिल्ला अस्पताल पाँचथरमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ । ट्याक्टर र चालक पाँचथर कुम्मायक -३ रानीगाउँका २३ बर्षीय कालीबहादुर तामाङ नियन्त्रणमा रहेको सो कार्यालयले जनाएको छ ।

उता मोरङ सुन्दरहरैंचा-७ बस्ने ६५ बर्षीया मैया श्रेष्ठको टिपरको ठक्करबाट मृत्यु भएको छ । सुन्दरहरैंचा-७ स्थित राजमार्गमा प्रदेश १- ०२-००१ ख ८५३० नम्बरको टिपरले पैदल हिँडिरहेकी मैयालाई ठक्कर दिँदा उनी गम्भीर घाइते भएकी थिइन् । गम्भीर घाइते भएकी उनको नोबेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ । ठक्कर दिने टिपर र चालक सुन्दरहरैचा-५ का कुमार भण्डारी नियन्त्रणमा रहेको उक्त कार्यालयले जनाएको छ ।

यसै गरी मोरङ सुनबर्षी-८ बस्ने ३० बर्षीय वीरेन्द्रप्रसाद मण्डलको मोटरसाइकल दुर्घटनामा मृत्यु भएको छ । विहीवार सुनबर्षी-८ मा बी आर ३८ आर ८७९० नम्बरको (भारतीय) मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल पछाडि सवार मण्डलको मृत्यु भएको हो ।

मोटरसाइकल चालक सोही स्थानका २९ बर्षीय चन्दन केवट प्रहरीको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

**नौ.......**

वटा दुर्घटनामध्ये १३ पुरुष, दुई महिला र एक बालकले ज्यान गुमाएका छन् । फागुनमा ९२ वटै दुर्घटनामा नौ पुरुष र एक महिला गरी दश जनाले ज्यान गुमाए भने चैतमा २३ वटा दुर्घटना हुँदा ८ पुरुष र दुई महिलासहित दश जनाले ज्यान गुमाएको जिल्ला ट्राफिक प्रहरी कार्यालयमा झापाको तथ्याङ्कमा उल्लेख छ ।

ट्राफिक प्रहरीले पछिल्लो नौ महिनाको अवधिमा सवारी नियम उल्लंघन गर्ने सवारी साधनलाई कार्वाही गर्दै तीन करोड ४५ लाख ५ सय रुपैयाँ राजश्व संकलन गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।


**हार्दिक बधाई तथा शुभकामना**



होमप्रकाश अधिकारी
सदस्य

अनन्त परोपकार समाज बचत तथा ऋण सहकारी संस्था लि. का लेखा समिति संयोजक **होमप्रकाश अधिकारी** हालै सम्पन्न नेपाल पत्रकार महासंघको निर्वाचनबाट झापा शाखाको कार्यसमिति सदस्यमा निर्वाचित हुनुभएकोमा उहाँ लगायत सम्पूर्ण नवनिर्वाचित पदाधिकारीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**गोकुलप्रसाद अधिकारी** : अध्यक्ष

एवम् **अनन्त परोपकार समाज बचत तथा ऋण सहकारी संस्था लि.**

बिर्तामोड-४, भद्रपुर रोड, झापा

**नवबर्ष २०७८ सालको शुभकामना**

'भौतिक दुरी कायम गर्दै मास्क र ह्यान्ड सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बाँचौं र अरुलाई पनि बचाऔं'

नव वर्ष २०७८ सालको पावन अवसरमा हाम्रा समस्त उपभोक्ता वर्ग, कर्मचारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मेघराज बाँस्तोला : सचिव** **जलकुमार गुरुङ : अध्यक्ष**

एवम् **बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति परिवार**

बिर्तामोड, झापा

**नवबर्ष २०७८ सालको शुभकामना**

'भौतिक दुरी कायम गर्दै मास्क र ह्यान्ड सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बाँचौं र अरुलाई पनि बचाऔं'

नव वर्ष २०७८ सालको पावन अवसरमा हाम्रा समस्त उपभोक्ता वर्ग, कर्मचारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. रवीन कार्की**

एवम् **गोल्ड स्टार जुत्ताको आधिकारिक विक्रेता**

काँकरभिट्टा रोड, बिर्तामोड (झापा)

**हार्दिक बधाई तथा शुभकामना**




नेपाल पत्रकार महासंघ झापा शाखाको हालै सम्पन्न निर्वाचनबाट हाम्रा अनन्य मित्रहरु **एकराज गिरी** अध्यक्ष, **केशव भट्टराई** उपाध्यक्ष, **सुशीला संग्रौला** उपाध्यक्ष (महिला), **डिकेश लामा** सचिव, **राजु पाठक** सहसचिव (खुल्ला), **अर्जुन राजवंशी** सहसचिव (समावेशी), **रञ्जित प्रसाई** कोषाध्यक्ष तथा सदस्यहरु **होमप्रकाश अधिकारी द्रोण अधिकारी, सुष्मा राजवंशी, चिरञ्जीवी घिमिरे, विनोद पाण्डे, मनिषा चम्लागाई, सुनिरा मैनाली, अच्युत सुवेदी, अनिल वाग्ले, रञ्जित परियार (दलित), राजन साम्पाङ्ग (आदिवासी जनजाति)**, साथै प्रदेश सदस्यमा **सुरेन्द्र भण्डारी** विजय हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सम्पूर्ण निर्वाचित कार्यसमितिको कार्यकाल सफल र रचनात्मक बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**दुर्गा लिम्बू:** शाखा प्रमुख
**मेमोसा ओभरसिज प्रा. लि.**

**धनबहादुर पन्धाक**
**ट्रष्ट नेपाल ओभरसिज प्रा. लि.**

**शाखा कार्यालय बिर्तामोड, झापा**




'भौतिक दुरी कायम गर्दै मास्क र ह्यान्ड सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बाँचौं र अरुलाई पनि बचाऔं'

नव वर्ष २०७८ सालको पावन अवसरमा हाम्रा समस्त ग्राहक महानुभाव, कर्मचारी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नोटः पर्यटन क्षेत्रको प्रबर्द्धन गर्ने उद्देश्यले यही नव वर्ष २०७८देखि सेवा शुरु गरेको यस रिसोर्टमा नेपालीसँगै कन्टिनेन्टल, चाईनिज र इन्डियन खानाका परिकारहरु पाइने सबैमा जानकारी गराउँदछौं ।**

**ईको होम एण्ड रिसोर्ट प्रा.लि. परिवार**

रोङ गाउँपालिका-३, कोल्बुङ (इलाम) । सम्पर्कः ९८६२८६१६८०/ ९८१७०५८८००
Email: echome41@gmail.com

**पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला**




| हल ए नेपाली चलचित्र : श्री | हल ए हिन्दी चलचित्र : ON Body |
|---|---|
| पहिलो शो ११:४५ | पहिलो शो ११:४५ |
| दोस्रो शो २:४५ | दोस्रो शो २:४५ |
| तेस्रो शो ६:४५ | तेस्रो शो ६:३० |

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
(फोन नं. ०२३-५४६४३६)

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# अबको वर्ष उपलब्धिको होस्

**अन्यौल र अस्थिरताका बीच प्रारम्भ भएको वर्ष २०७७ त्यससँगै लड्दै समाप्त भएको छ । शुरुकै दिनमा थपिएको कोरोना संक्रमणको जोखिम वर्षभरि मात्र कायम रहेन नयाँ वर्ष २०७८ को थालनीदेखि अझै त्रासदीका रुपमा उभिएको छ । एकातिर शान्ति, स्थिरता, समृद्धि र सुशासनको वाहक भनिने राजनीति सत्तारुढ दलकै अन्तरद्वन्द्वले अन्यौलपूर्ण भयो भने अर्कातिर कोरोना महामारीले शिक्षा, अर्थ व्यवस्था, उद्योगधन्दा मात्र होइन सम्पूर्ण जीवन नै अस्तव्यस्त बनियो । यही विपदका कारण लाखौंले रोजगारी गुमाउनु पऱ्यो भने कला, साहित्य र संस्कृति जस्ता सभ्यता र संस्कारका विषयहरुले पनि स्वतन्त्र गतिविधि गर्न सकेनन् । त्यसैगरी आयआर्जनको विश्वासयोग्य आधार पर्यटन व्यवस्था धराशायी बन्न पुग्यो । सञ्चार क्षेत्र पनि बीस वर्षपछि धकेलिने अवस्थामा पुग्यो ।**


**केही समय सुस्ताएको कोरोना त्रास यो वर्षको प्रारम्भमा फेरि नयाँ रुपमा झनै त्रासदी बनेर आएको छ । नयाँ प्रकृतिको कोरोनाको संक्रमणले अर्थतन्त्रसामु चुनौति नै खडा गरेको छ । त्यसैगरी सत्तारुढ दल नेकपा सर्वोच्च अदालतको आदेशपछि विघटन भई एमाले र माओवादी केन्द्रमा रुपान्तरित भए । प्रधानमन्त्रीले आन्तरिक कलहको व्यवस्थापन गर्नुको साटो प्रतिनिधिसभा नै विघटन गरेर राजनीतिलाई अरु अस्थिर बनाए । प्रधानमन्त्रीको उक्त कदमका विरुद्ध सर्वोच्चमा परेको रिटको सुनुवाई गर्दै सर्वोच्चले विघटनको निर्णयलाई असंवैधानिक ठहर गरिदियो । त्यसपछि स्थापित प्रतिनिधिसभाले अझै लय लिन सकेको छैन । एमाले आफैं फुट र गुटको घनचक्करमा छ, प्रधानमन्त्रीको विकल्प खोजिँदैछ, तर प्रमुख प्रतिपक्षी लगायतका विपक्षीहरुको सहमति 'भ्यागुताको धार्नी' पुऱ्याउनु सरह भइरहेको छ ।**


**समग्रमा गएको वर्ष उपलब्धिका आँखामा शून्य जस्तै रह्यो । राजनीतिक घटनाक्रमलाई कोरोनाले रुग्ण बनायो । भ्रष्टाचार चुलिएको आरोप लाग्यो तर निरुपण गरिएन । त्यही अवस्थामा शुरु भएको नयाँ वर्ष पनि विगतकै कहर बोकेर आएको छ । सत्तारुढ दलका नेताहरुका सत्ता स्वार्थको मोहले जनतालाई निराश बनाएको छ । जनताको निराशालाई आशा र भरोसाले मल्हम लगाउने प्रयत्न 'मेलम्चीको पानी' बाहेक अन्त देखिएन । यद्यपि मेलम्ची क्रमागत कल्पना र योजनाको निरन्तरताको परिणाम हो । इतिहासले बलियो सरकार बनाउन प्रदान गरेको अवसर व्यर्थ हुन गयो, अझै संकट टरेको छैन बरु जिम्मेवार नेताहरुको अमर्यादित र तिक्ततापूर्ण अभिव्यक्तिले झन् गहिरिने देखिँदैछ । यस्तोमा राजनीतिक दलका नेतृत्व पंक्तिले नै सुध्रिनु पर्दछ । सत्तास्वार्थ र मोहको संकीर्णताबाट माथि उठ्नुपर्दछ । सत्ता नहुँदा कमजोर हुइन्छ भन्ने मानसिकता त्याग्नु पर्दछ । यी सबै बेथिति, विकृतिहरुसँगै प्राकृतिक प्रकोप कोरोनाबाट समेत मुक्ति मागेको छ यो वर्षले । यी सबै सबै नेपालीका समान शत्रु हुन्, यिनका विरुद्ध लड्ने क्षमता, चेत र अठोट नयाँ वर्षले दिन सकोस्, नयाँ वर्ष २०७८ को शुभकामना ।**

सामाजिक सञ्जाल

हामी यो भेरियन्ट, उ भेरियन्ट भनेर आत्तिनुको कुनै अर्थ छैन । कोरोनाका हजारौं भेरियन्ट मध्ये कुनै अहिले जस्तै, कुनै कडा, कुनै कमजोर हुन्छन् । हाल देखिएको भनिएको UK variant B1.1.7 बढि संक्रामक छ, तर बढि कडा भन्ने ठोस आधार छैन । बरू संक्रमणबाट जोगीन मास्क लगाऔं, खोप पाउना साथै लगाऔं ।

**– समिर एम दिक्षित**





जब मान्छे इमान, जमान र परिश्रम बिना बाँच्ने कसरत गर्न थाल्छ तब उसको सम्पूर्ण कर्म अरूलाई दु:ख दिन र परपीडामा रमाउनमा केन्द्रित हुन्छ तेस्रो विश्वका मुलुकहरू पछि पर्नुमा यो मनोसामाजिक विकृति मुख्य कारण हो । शास्त्रमा नलेखे पनि दर्शनले नदेखे पनि यो कुरा किल्लेर हो ।

**– मातृका पौडेल**

# ने.प. महासंघको निर्वाचन परिणामले कस्तो सन्देश कोरल्यो ?



**नकुल काजी**

आम नेपालीले मतदानको रूपमा पोषेको निर्दोष र स्निग्ध विश्वासद्वारा बिधि-प्रक्रिया सम्पोषित हुँदै कार्यकारी पदमा पुगेका तल्ला-उपल्ला सबैले सो विश्वासलाई अलिकति पनि सम्बोधन गर्न नसक्ने अवस्थामा 'राज्य'-लाई रुग्ण बनाएको छ नभन्नु वर्तमान यथार्थका प्रति इमानदार टिप्पणी पटक्कै ठहर्दैन। उनै कार्यकारी पदवाहक र उनमा मानसिक अधिकारसहित बिसर्जित राजनीतिका हलि-खेताला र उनैलाई स्वार्थसिद्धि दिने दूधालु स्रोत मान्नेहरू बाहेक सबै नेपालीका गुनासा एकीकृत हुने क्रम धमाधम बढ्दो छ र देश धुमिल गुम्फनले घेरिँदो छ। संभवतः, हालै सम्पन्न नेपाल पत्रकार महासंघको देशव्यापी निर्वाचन परिणामले यही सिद्ध गर्ने बाटो अख्तियार गरेको हो।

नेपालमा 'पत्रकारिता'–लाई, शासन-संरचनाका तीन अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकापछि, चौथो अंगको दर्जामा, अन्तर्राष्ट्रिय मान्यता छेउछाउ पनि, मानेको यो कलमीले आफ्नो छ दशकदेखिको कलमकर्मी यात्रामा मनग्गे देखेको छैन। र, यो व्यक्तिगत बुझाइ मात्र होइन, बौद्धिक सेवा-पेशाको यो विधाका प्रति नैतिक सिद्धान्तमार्गी इमानदार पेशाकर्मीले यस्तै देखिरहेको–भोगिरहेको हुन सक्तछ भन्ने बुझाइलाई अन्यथा अथवा डेउढो ठान्न पनि मिल्दैन। यद्यपि नेपाली पत्रकारहरूले राज्यका शासक, प्रशासक र समाजको हरेक कित्ताका निम्ति दिशानिर्देशकको भूमिका निर्वाह गर्ने व्यक्तिगत-संस्थागत हैसियतलाई चाहिँ, जस्तै अक्करिलो स्थितिमा पनि, निष्प्रभावी नै चाहिँ राखेका छैनन्। विश्व-मान्यताद्वारा सम्पोषित 'चौथो अंग'-को आत्मानुभूतिलाई जीवन्त रूपमा प्रतिष्ठापित तुल्याउने अग्रसरता साँच्चै अक्करिलो र वैयक्तिक रूपमा घाटाप्रद हुँदाहुँदै पनि नेपाली पत्रकार समाजले समय-समयमा कठिन-कठिन चुनौतीको सामना गरेर आफ्नो अस्तित्वलाई निर्दाग जोगाइआएको छ।

'सर्वसत्ता'-को सरेआम अभ्यास भइरहेको वर्तमान अन्योलग्रसित अवस्थामा सबै वर्ग, तप्का र तहका नेपाली राज्यशक्तिको विधि-विलोम चलखेलसँग त्रसित हुनु स्वाभाविक हो। यस्तो अवस्थामाबाट नेपाली समय स्वयम् भयभीत भइरहेका परिप्रेक्ष्यमा राखेर गत चैत २५ गते सम्पन्न नेपाली पत्रकारहरूको छाता संस्था नेपाल पत्रकार महासंघको निर्वाचनले




कोरलेको परिणाम सर्वसत्तामार्गी सत्ताधारीका लागि कम चोटिलो चढ्कन होइन/थिएन भन्नु साँच्चै बुझ पचाउनु हो। सत्ताशक्तिको कहाँ-कहाँ कसरी-कसरी प्रयोग भए र त्यसको के-कति विपरीत परिणाम आयो र किन ? यी सबको बेली-बिस्तार छोटो हुँदैन। जिल्लाहरूमा फैलिएका सिंहदरवारिया र बालुवाटारे आठपहरिया (?)-को गतिविधिमा सम्पृक्त दुर्गन्धे हरकतको सटीक वर्णन पनि सम्भव नहोला। तर, त्यति हुँदाहुँदै पनि परिणामबाट के सन्देश प्रवाह भयो र त्यसको भावभूमि के हो त ? सर्वसत्ताको स्वप्नद्रष्टाहरूले खोज्नु उनीहरूकै लागि कल्याणकारी हुनेछ।

अर्थात्, 'पत्रकार'-लाई उन्नाइसौं शताब्दीको उत्तरार्द्धदेखि नै आजको विश्वले 'बौद्धिक वर्गको प्रतिनिधि' मान्दछ र मान्छे उसको 'विचार'-ले अन्तर्राष्ट्रिय भइसकेको छ। उहिले बांगलादेश र युगाण्डामा वीभत्स नरहत्या र विध्वंश भइरहँदाको संत्रासपूर्ण चर्चा पेरिसको डान्स बारमा रमाइरहेको मान्छे र मेचीको बगरमा बयलगाडा हाँकिरहेको मान्छेले समानरूपमा गर्नु वा त्यसरी नै अमेरिकी एल्ड्रिन र आर्मस्ट्रङ चन्द्रमामा पुगेर पैदल हिँडेको सुखद् चर्चा ती दुबै थरिले गर्नु उनीहरू विचारले अन्तर्राष्ट्रिय हुनुका प्रमाण हुन्। अतः यो सन्दर्भलाई नेपाली पत्रकार समाजसँग जोडेर भन्नुपर्दा नेपाली पत्रकार, जीवन-व्यवहारका कुरा छोडेर, विचारले भौगोलिक र राजनीतिक सीमारेखाभित्र कैद छैनन् भन्ने बुझ्नुपर्नेहरूले बुझ्न आवश्यक छ।

देशका शासक-प्रशासकहरूको खबरदारी गर्ने काम निर्भेद-निरपेक्ष सूचनासेवी (पत्रकार)-ले गर्छन् भन्ने स्थापित विश्वासको भावभूमिमा हेर्ने हो भने ने.प. महासंघको यसपटकको निर्वाचन-परिणामले देशबासीमा बिस्तीर्ण आधारभूत असन्तुष्टी र त्यसबाट निष्पन्न आक्रोशको प्रकारान्तरले वस्तुगत प्रतिनिधित्व गरेको देखिन्छ। देशमा छताछुल्ल राजनीतिक दाइँ, संवैधानिक पदीय अधिकारमा विधि-प्रविधिले टेक्न पुगेकाहरूको मैमत्त उफ्रीपाफ्री, देश र देशबासीको प्राथमिकताका विषयहरूको तहस-नहसमाथि सुकिलो उभिएर रेशमी स्वर कोरल्न बाचाल बकवेदांन्तीका स्वप्निल समृद्धि र सुखका ढँटुवा कुरा सुन्दा-सुन्दा थाकेका कानका पीडा, अपूर्व भ्रष्टाचार र कमिशनखोरीका मर्मस्पर्शी थिचोमिचो, मिलिभगते सेटिङबाजीको विधि-विधानमाथि स्वच्छन्द स्वेच्छाचारी बुर्कुसी र यी इत्यादि-इत्यादिलाई 'राजनीति'-को परिभाषा मान्ने अर्को आश्चर्यको अत्याचारलाई नेपालीले अब क्रमशः परास्त गर्दै जाने पूर्व संकेत ने.प. महासंघको निर्वाचन परिणामले दिएको छ।

देशबासीको समाजमा अनेक वर्ग छन्। ती सबैका वर्तमान जीवन-जीविका अहसज र गेगरिलो बनेको छ– भलै हरेक वर्गभित्रका 'केही'-ले दाहिने-देब्रे नहेरी सत्ताशक्तिको दासत्व स्वीकारेर मौलाएका पनि छन्। अतः हरेक वर्गले अवसर पर्खेको अवस्था पनि नहुन सक्तैन। अगुवाइ गर्ने पर्खाइ नहुन सक्तैन। औसत नेपाली झैं सोझासीधा मुसाहरूलाई तीर्थ लैजाने बहानामा आफू अगुवा बनी हिँडाउने अनि तिनै मुसा छानी-छानी हसुर्ने कण्ठीधारी बिरालाको अपराध थाहा पाएपछि र सो बिरालाको घाँटीमा घण्टी बाँधेर ठेगान लगाउने उपाय सोचे पनि 'घण्टी कसले बाँध्ने ?'– मा अल्मलिए जस्तै अन्य वर्ग अल्मलिएको पनि हुन सक्छन्। अब त्यो अल्मलाई ने.प. महासंघको निर्वाचन मार्फत ७७ खण्डका पत्रकारहरूमध्ये ६७ खण्डकाले सजिलो बनाइदिएका छन्। जागरुक हुने र 'रैती'– 'प्रजा'बाट 'जनता' बनेका सबै वर्गका नेपालीलाई नेपाली पत्रकारहरूको पछिल्लो साहसिक विवेक अनुशरण गर्दा 'नागरिक'-मा अवतरित हुन सजिलो हुने भयो होइन र ? अहिलेकालमा त 'जनता' कित्ताबाट नेपालीलाई 'रैती' कित्ता वा 'प्रजा' कित्तातर्फ परोक्षरूपमा गलहत्याइँदै छैन र ?

# भ्यागुताको धार्नी



**चिन्तामणि दाहाल**

देउवा जसपाका गलत मागलाई समर्थन गर्ने पक्षमा छैनन् । उनीहरुको एक मधेश प्रदेशको मागलाई देउवाले इन्कार गरेकैले देउवाले आफ्नो नेतृत्वमा सरकार बन्ने आशा मारेका हुन् । जसपाका लागि आफ्ना माग ठूला हुन् । यो मौका उनीहरुका लागि अधिकतम् दलाली गर्ने अवसर हो ।

**प्राक्कथन :**

भ्यागुतासँग नेपाली समाज र संस्कृतिमा धेरै कुराहरु र संस्कारहरु छन्। पानी परेन भने भ्यागुताको विवाह गर्ने चलन छ। भ्यागुता करायो भने पानी पर्छ भनेर खेतबारीमा अगुल्टो झोसेर भ्यागुतालाई तर्साएर कराउने बनाइने चलन छ। पर्यावरणमा पनि भ्यागुताको महत्व छ भने जीव विज्ञान पढ्ने विद्यार्थी हुन् वा शोधार्थी उनीहरुले भ्यागुतोलाई चिरेर मानव अंगको अध्ययन गर्ने चलन छ।

यी विविध कारणले भ्यागुतो नेपाली जीवनमा एउटा परिचित जीव मानिएकोले ऊ सँग जोडेर नेपालीमा एउटा उखान छ भ्यागुताको धार्नी। अर्थात् भ्यागुतालाई जोखेर धार्नी पुऱ्याउन मुश्किल छ। कारण एउटा हालेर जोख्न खोज्यो फुत्त उफ्रिएर भाग्छ। अर्को हाल्न खोज्यो पहिलाको उफ्रिन्छ।



एकैचोटी धेरै भ्यागुता हालेर खुल्ला तुलोमा जोख्न सकिन्न। उफ्रिनु भ्यागुतोको धर्म हो। त्यसैले धार्नी पुऱ्याउन मुश्किल हुन्छ भनिएको हो। जोख्नलाई बेग्लै विधि अपनाउनु पर्छ र मात्र धार्नी पुऱ्याउन सकिन्छ भन्ने यस उखानको आशय हो।

यो उखान अहिलेको नेपाली राजनीतिमा मिलेको छ। अहिले एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारलाई फालेर अर्को सरकार बनाउन जुन कसरत भइरहेको छ त्यो भ्यागुताको धार्नी जस्तै भएको छ। यसैले यस उखानलाई सत्ता परिवर्तनको प्रयाससँग जोडेर हेरिएको हो। प्राविधिक हिसाबको प्रसंग राजनीतिमा सत्ता परिवर्तनसँग अहिले मिल्न गएको छ। यसैले पंक्तिकारले यो शीर्षकमा वर्तमान राजनीतिक अवस्थाको विश्लेषण गर्ने जमर्को गरेको हो।

**अवस्था :**

प्रधानमन्त्री ओलीले प्रतिनिधि सभा विघटन गरे पनि त्यसलाई सर्वोच्च अदालतले असंवैधानिक काम भयो भनेर बदर गरिदिएपछि उनले नैतिक चरित्र देखाएनन्। देखाएको भए उनले राजीनामा दिनुपर्थ्यो। उनले राजीनामा नदिए पनि उनलाई अरु दल जो हिजो ओलीको कदम असंवैधानिक भनिरहेका थिए उनीहरु एकजुट भएर उनीविरुद्ध अविश्वास प्रस्ताव ल्याएर अहिलेसम्म अर्को सरकार बनाइसक्नुपर्ने थियो। यो पनि भइरहेको छैन। ओलीको विरोध गर्ने दलका नेता अहिले लोभीपापी भएको जस्तो लाग्छ। यो अवस्था हेर्दा ओलीले राजीनामा दिएको भए पनि अहिलेसम्म अर्को सरकार बन्ने थिएन र बन्ने अवस्था पनि तयार भएको छैन।

किन यस्तो अवस्था आयो भने अब सरकारको नेतृत्व गर्नेहरु हिजो ओली जस्तै प्रतिगमन गर्ने चरित्र देखाइसकेकै नेता हुन् भन्ने केही दललाई परेको छ भने स्वयम् प्रतिपक्षी कांग्रेसका नेता शेरबहादुर देउवा पनि ओलीको कदमको शख्त विरोधमा थिएनन्। हिजोको अवस्थामा पनि देउवा चुनाव चाहन्थे र अहिले पनि उनी चुनावकै पक्षमा छन्। उनको विश्लेषणमा चुनाव भयो भने कांग्रेसले जित्छ। तर, उनले के बुझेका छैनन् भने ओली प्रधानमन्त्री भएर चुनाव गराए भने अरुलाई चुनाव जित्न दाँत नभएकाले हड्डी चपाउनु सरह हो। अनि देउवाको अर्को विश्लेषणमा चुनाव भएपछि प्रजातन्त्र भइहाल्यो नि। पञ्चायती व्यवस्थामा पनि चुनाव हुन्थ्यो। तर, त्यसलाई स्वयम देउवा पनि प्रजातन्त्र छ भन्ने पक्षमा थिएनन्।

यही विश्लेषण जनता समाजवादी पार्टीका पहिलेका मधेशी दलका नेता महन्थ ठाकुर र अधिवक्ता पनि रहेका लक्ष्मणलाल कर्णले पनि गरेर बसेका छन्। उनीहरुका साथमा ३३ सांसदमध्ये करिब आधा सांसद छन्। यदि ओलीले उनीहरुका माग पूरा गर्ने आश्वासन दिन सके र त्यसलाई विश्वस्त बनाउन सके भने ती सांसदको समर्थनमा ओलीले बहुमत सिद्ध गर्न सक्छन्। त्यसो हुँदा अबको दुई बर्ष ओलीकै सत्ता अघि बढ्छ। उनैले चुनाव गराउँछन्।

यदि सकेनन् भने र देउवाले विश्वास दिलाउन सके भने देउवातिर उनीहरु आउँछन्। तब देउवाको नेतृत्वमा सरकार बन्छ। ओली फालिन्छन्। अहिलेको जसपाका कर्ण र ठाकुरको धारणामा ओलीभन्दा गतिला होइनन् देउवा। त्यसकारण जसपाका कर्ण र ठाकुरका लागि ओली नै ठीक हुन् देउवाभन्दा। जसपाका आधा सांसद लिएर देउवा नेतृत्वको सरकार बन्दैन। तर, ओली, जसपाका आधा सांसद लिएर सरकार टिकाइ राख्न सक्छन्। देउवा जसपाका गलत मागलाई समर्थन गर्ने पक्षमा छैनन्। उनीहरुको एक मधेश प्रदेशको मागलाई देउवाले इन्कार गरेकैले देउवाले आफ्नो नेतृत्वमा सरकार बन्ने आशा मारेका हुन्। जसपाका लागि आफ्ना माग ठूला हुन्। यो मौका उनीहरुका लागि अधिकतम् दलाली गर्ने अवसर हो। तर, देउवा जसपाका गलत मागको समर्थन गरेर प्रधानमन्त्री हुनुभन्दा चुनावमा जान तयार छन्। त्यस अर्थमा देउवाको यो लाइन भने राम्रो हो।

**भएको अवस्था :**

संविधानले अविश्वास प्रस्ताव ल्याएर ओली सरकार फाल्न प्रधानमन्त्री हुने सांसदको टुंगो पहिल्यै लाग्नुपर्ने भनेको छ। त्यसमै जसपा, माओवादी केन्द्र र कांग्रेसबीच सहमति भएको छैन। यदि ओलीलाई फाल्ने नै हो भने दुईवटा विकल्प छन्। एक कांग्रेसले जसपाका ठाकुरलाई प्रधानमन्त्री प्रस्ताव गर्नुपर्छ। त्यो गर्न देउवा तयार भएका छैनन्।

दोस्रो माधव नेपाल पक्षका ३८ सांसद कायमै रहे अनि उनीहरु ओलीलाई जसरी पनि सत्ताबाट हटाउन तयार भए भने कांग्रेसले ल्याउने अविश्वास प्रस्तावमा नेपाल पक्षका सांसदले फ्लोर क्रस गर्नुपर्छ। ओली फालिएपछि कार्वाही भए सहन तयार हुनुपर्छ। त्यस अवस्थामा देउवाको सरकार अल्पमतमा परे पनि उनले राजीनामा नदिएसम्म अर्को सरकार बन्दैन र उनीविरुद्ध एक वर्ष अविश्वास प्रस्ताव ल्याउन पाइन्न। तेश्रो विकल्प जो सरल हो, तर जसपाका कारण जटिल बनेको छ। त्यो, जसपा र माओवादी केन्द्रले देउवाको नेतृत्वमा सरकार गठन गर्न तयार हुनु हो। यसलाई, माओवादी केन्द्रले माने पनि जसपाले मानिहालेको छैन।

ओलीलाई फालेर अर्को सरकार बन्ने निश्चित भएपछि मात्र माओवादी केन्द्रले ओलीलाई दिएको समर्थन फिर्ता लिन्छ। यो अवस्था चतुर खेलाडी ओलीले बुझेका छन्। त्यसैले उनी या त आफ्नो बहुमत पुऱ्याउन जसपाको समर्थन लिने नभए पनि अर्कोलाई समर्थन गर्न नदिने वातावरण बनाउने ध्याउन्नमा छन्। यही अवस्थालाई भ्यागुताको धार्नी भनिएको हो। नेपालका एक राजनीतिक विश्लेषक कृष्ण खनालले ओली, देउवा र प्रचण्ड टेष्टेड प्रधानमन्त्री भएकोले अब ठाकुरलाई प्रधानमन्त्रीको प्रस्ताव गरेर अघि बढ्नु अहिलेको उत्तम विकल्प हो भनेका छन्।

